# श्री कञ्चनपुर जिल्ला अदालत

## महेन्द्रनगर, कञ्चचनपुर

फ्याक्स नं.०९९-५२२६०६
फोन नं -०९९-५ २६०६
०९९- ५२०४४३

(प्रशासन शाखा) Email- infodckanchanpur@dcourt.gov.np

प.सं.०७७/०७८
च.नं.

मितिः- २०७७।०४।७

## सूचना सूचना सूचना

उपरोक्त सम्बन्धमा कोराना भाईरसको (Covid 19) संक्रमणका कारण जारी बन्दाबन्दी (Look down) अन्त्य भएको नेपाल सरकार बाट निर्णय भएको सन्दर्भमा यस अदालतबाट प्रवाह गरिने सबै सेवाहरु प्रवाह गरिने भएको छ।बन्दाबन्दीको अन्त्य भएपनि कोराना भाईरसको संक्रमण हुने अबस्था भने यथावत कायम रहेको छ।अदालतबाट प्रवाह हुने सेवाहरु(केही अत्यावश्यक सेवा बाहेक) मिति २०७६।१२।९ गतेवाट नै बन्द रहेकोले अब बन्दाबन्दी खुलेको अबस्थामा अदालतमा भिडभाड बढन गई कोराना भाईरसको संक्रमण हुने खतरा बढन जाने तथ्यलाई मध्य नजर गरी यस अदालतले प्रवाह गर्ने सेवालाई ब्यवस्थित गरी प्रवाह गर्ने उपयुक्त हुने हुँदा यस अदालतमा उपलब्ध स्थान भौतिक श्रोत साधन जनशक्ती आदि समेतलाई बिचार गरी यस अदालतका स्रेस्तेदार श्री यदुराज शर्माको अध्यक्षतामा मिति २०७७।४।७ मा बसेको स्टाप बैठकबाट निर्णय भए अनुसार अर्को सूचना प्रकाशित नभए सम्मका मिति २०७७।४।११ गतेबाट लागु हुने गरी लागी सेवाहरु तपसिल बमोजिम प्रवाह गर्ने ब्यवस्था गरिएको ब्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिल

१. अदालत हाताभित्र कानून ब्यवसायी ,सम्बन्धीत पक्ष वा निजको वारेस र वकपत्रका लागि भए सम्बन्धित साक्षिलाई मात्र प्रवेश गर्न दिईने छ।

२. अदालतमा प्रवेश गर्ने सबैले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने र प्रवेश गरि सकेपछि अनिवार्य रुपमा सावुन पानिले हात धुनु पर्नेछ।

३. प्रत्येक दिन पाँच वटा मात्र फिराद दर्ता गरिने र एउटा फाँटको तिन वटा प्रतिउत्तर मात्र दर्ता गरिने छ।

४. साक्षी बकपत्रका लागी एक दिनमा एउटा फाँटमा एउटा मुद्दामा मात्र तोकिनेछ।

५. फैसला कार्यान्वयनको निवेदन एक दिनमा पाँच वटा मात्र दर्ता गरिने छ।

६. एक दिनमा प्रत्येक फाँटबाट पाँच पाँच वटा मुद्दमा मात्र तारेख दिईने छ।

७. पेशी तोक्दा एक दिनमा पाँच बटा मुद्दा भन्दा बढी मुद्दा पर्ने गरी पेशी तोकिने छैन।

८. उल्लेखित कार्यका लागि अदालत हाताभित्र बिभिन्न कार्यहरु गरी तीस जना भन्दा बढी ब्यक्ती(कर्मचारी बाहेक) नहुने गरी मात्र प्रवेश गर्न दिईने छ। आफ्नो कार्य सम्पन्न भएको ब्यक्तिले वाहिर जानु पर्ने छ र बाहिर गएको अनुपातमा मात्र अदालत बाहिर Waiting मा रहेका सेवाग्राहीलाई भित्र पठाईने छ। सर्बोच्च अदालतको बृहत पुर्ण ईजलासको मिति २०७७।२।१५ को फैसला अनुसार बन्दाबन्दीको अवधी लाई शुन्य समय मानि बन्दाबन्दीको अबधिमा हदम्याद तारेख आदी गुज्रेको मानिने छैन। साथै सो अबधिको सेवा प्राप्तिको लागी बन्दाबन्दी खुलेको मिति २०७७।४।७ गतेबाट तीस दिन भित्र यस अदालतमा उपस्थित भई सेवा प्राप्त गर्न सकिने छ।

९. उल्लेखित यस अदालतबाट प्रवाह गरिने भनिएका सेवाकालागी पहिला आउने लाई गरिने कार्यको संख्या जति मात्र टोकन दिईने छ। सम्बन्धीत कार्यको टोकन समाप्त भएमा सो दिनका लागी त्यस्तो कार्य गरिने छैन। तर भिडभाड नभएको देखिएमा अदालत प्रशासनले उल्लेखित सिमाभन्दा बढी कार्य गर्ने गरी ब्यबस्थापन गर्न सक्नेछ।

१०. दर्ताद्वारा बिवाह गर्ने, अधिकृत वारेसनामा प्रमाणित गर्ने, मृत्यूको न्यायिक घोषणा गर्ने जस्ता प्रमाणिकरण तथा फुटकर निवेदनका कार्यहरु एक दिनमा दुई वटाको दरले मात्र गरिने छ।

११. उल्लेखित सेवा प्रवाह गर्दा स्वास्थ सुरक्षा सम्बन्धी मापदण्ड अपनाई सामजिक दुरी कायम राख्नु पर्ने छ।

१२. माथि उल्लेख भए वाहेकको कार्य तथा सो को ब्यवस्थाप सम्मानित सर्बोच्च अदालतको बृहत पुर्ण ईजलासको मिति २०७७।२।१५ को फैसला र सर्बोच्च अदालतका बिभिन्न मितिका परिपत्र तथा निर्णयहरु तथा अब गरिने परिपत्र तथा निर्णय बमोजिम हुनेछ।

१३. अदालतबाट गरिने कार्य तथा सेवा प्रवाह सम्बन्धमा सम्मानित सर्वोच्च अदालत र यस अदालतबाट अगामी दिनमा कुनै प्रकारको निर्णय भएमा सोही बमोजिम नै हुने छ।

१४. बिस्तृत जानकारीको लागि यस अदालतको टेलिफोन नं.०९९-५२२६०६ मा सम्पर्क राख्नु होला

२०७७/४/८

स्रेस्तेदार

उप-सचिव